संवत् २०८० साल चैत्र १३ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०९/२०८०/२०८१

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | योजना महाशखा | थाहा नगरपालिका वडा नं. ७ र ८ को चल्ती खोला र ठुलो खोला, वडा नं. ६ को बाराही खोला, वडा नं. २ र ३ को पालुङ र त्रिवेणी खोलाको प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी, बालुवा) को IEE गर्ने । |
| २ | योजना महाशखा | आ.व. २०८०/०८१ का लागि विनियोजित समपुरक बजेटको टेण्डर आव्हान पछि बचत रकम सम्बन्धीत योजनाको लागि चैत्र १८ गते भित्र टेण्डर आव्हान गर्ने र २०८१ जेठ पहिलो हप्ता भित्र सम्झौता गर्ने गरी कार्य प्रक्रिया अगाडी बढाउने । |
| ३.१ | सहकारी शाखा | चैत्र २० गते सञ्चालन गरिने सहकारी दिवसमा रु.२०,०००/- सहित विद्यागत रुपमा सहकारी संस्थाहरुलाई पुरस्कृत गर्न आर्थिक विकास समितीलाई अख्तियारी प्रदान गर्ने । |
| ३.२ | प्रशासन शाखा | यस नगरपालिकामा कानूनी सल्लाहकारको रुपमा सेवा करारमा कार्यरत अधिवक्ता सुशिल कुमार पोखरेलले २०८०/१२/०१ गते देखि लागुहुने गरी पेश गर्नुभएको राजिनामा स्वीकृत गरी उक्त पदमा आमभञ्याङ्ग-९, मकवानपुर निवासी अधिवक्ता प्रविण हुमागाईलाई सोही सेवा सुविधा पाउने गरी मिति २०८०/१२/०१ गते देखि सेवा करारमा नियुक्ति गर्ने । |
| ३.३ | प्रशासन शाखा | यस नगरपालिकामा कार्यरत कृषि स्नातक विकास वि.क. गण्डकी प्रदेश, लोक सेवा आयोगबाट लिईएको परीक्षामा सातौं तहमा सिफारिस भएकोले उक्त रिक्त हुने पद संख्या १ (एक) मा १५ दिने सूचना आव्हान गरी पदपुर्तिको गर्ने । |
| ३.४ | आर्थिक प्रशासन शाखा/प्रशासन शाखा | थाहा नगरपालिकामा निर्वाचित जनप्रतिनिधीहरुलाई नेपाल सरकारले तोकेको कडा रोग लागेमा उपचारका लागि रु.५०,०००/- सहायता प्रदान गर्ने । |
| ३.५ | प्रशासन शाखा | थाहा नगरपालिका वडा नं. २ स्थित नारन धमालको एक वटा दुहुनो गाई र ५ वटा बाखाको अज्ञात रोगको कारण मृत्यु भई रु.१,१८,०००/- बराबरको क्षती भएको भनी पशु शाखा प्रमुखबाट मुचुलका सहित सहायताको लागि टिप्पणी प्राप्त भएकोमा नगर प्रमुख ज्यूको तोक आदेशमा सहायता दिने । |
| ३.६ | योजना महाशाखा/प्राविधिक शाखा | आ.व. २०७८/०७९ मा थाहा नगरपालिका वडा नं. ९ को काल्सिङ खोलादेखि महादेवथान मयलडाडाँ सिरुपाटाँ सडक निर्माणको लागि रु.७,००,०००/- बजेट विनियोजन गरी कार्य सुरु गरिएको र विविध कारणले उक्त योजना समयमै सम्पन्न हुन नसकेको र आ.व. २०७९/०८० मा उक्त योजनाको प्राविधिकले उठाएको विल भरपाई बमोजिमको रकम निकाशा गरी योजना फरफारक गरिदिनको लागि फाईल पेश हुन आएकोमा यस आ.व.मा उक्त योजनाको लागि बजेट समेत विनियोजन भएको हुँदाल उक्त योजनाको फरफारक गरी प्राविधिक मुल्यांकन बमोजिम पुंजीगत विविध शिर्षकबाट रकम भुक्तानी गर्ने । |
| ३.७ | योजना महाशाखा/प्राविधिक शाखा | प्ल्यातिनम-जेनिशा जे.भी., कगेश्वोरी-मनहरा, काठमाडौंले सम्झौता भई निर्माण कार्य Construction of janakalyan School Administrative Building (CEN/JANAKALYANSCHOOLBLDG-21/078/79) को स्वीकृत लागत अनुमान बमोजिम निर्माणाधीन उक्त प्रसाशनिक भवनको भेरिएसन सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको स्वीकृत गर्ने । |

<table>
<tr><td>३.८</td><td></td><td>यस कार्यालयबाट विभिन्न मितिमा सम्झौता भई निर्माणको चरण वा निर्माण सम्पन्न भएका तर प्रक्रिया नपुगेका निम्न बमोजिमको निर्माण कार्यको सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधन बमोजिम म्याद थप गर्ने ।<br>तपसिल :
<table>
<tr><th>निर्माण व्यवसायीको नाम</th><th>कामको विवरण</th><th>साविक म्याद</th><th>सम्पन्न गर्नुपर्ने म्याद (संशोधित)</th></tr>
<tr><td>सुजन निर्माण सेवा, थाहा-३, मकवानपुर</td><td>Chaubas water supply work(IFB/NCB/chaubasw/swork-13/077/78)</td><td>२०८० चैत्र ३०</td><td>२०८१ बैशाख ३०</td></tr>
<tr><td>निरिक्षा-एच.के.एम.-सुजन जे.भी.,हेटौडा,मकवानपुर</td><td>Upgrading of Chisapani Deukhel Chalti Baseri Road(IFB/NCB/chisapanitobaseriroad-4/078/79)</td><td>२०८० मङ्सिर ३०</td><td>२०८० चैत्र ३०</td></tr>
<tr><td>आशिर्वाद निर्माण सेवा, त्रियुगा,उदयपुर</td><td>Construction of 15 bed primary hospital IFB/NCB/HOSPITALBLDG-07/077/078</td><td>२०८१ बैशाख २३</td><td>२०८२ बैशाख २३</td></tr>
</table></td></tr>
<tr><td>३.९</td><td>योजना महाशाखा/प्राविधिक शाखा/शिक्षा शाखा</td><td>श्री जनकल्याण मा.वि.को नमुना विद्यालय पूर्वाधार विकास अन्तर्गत पुर्व निर्मित गुरुयोजनाको तथा विद्यालय व्यवस्थापन समिति संगको सहकार्यको आधारमा रही यस आ.व.मा निम्न बमोजिम निर्माण कार्यहरु ठेक्का (बाँकी बजेट रु.१ करोड ८५ लाख ) मार्फत गर्ने ।<br>निम्न :<br>(१) २८ कोठे भवन अगाडी पेटी र नालीको व्यवस्थापन, कम्पाउन्ड व्यवस्थापन (प्लास्टर, रंगरोगन तथा तारबार), स्वर्ण स्तम्भ बगैचा निर्माण,<br>(२) विद्यालय भवन पछाडीको शौचालयको तला थप तथा निर्मित भवन अगाडी फुटपाथ निर्माण र तल्लो गेट निर्माण, क्यान्टिन निर्माण (गुरुयोजना बमोजिम),<br>(३) माथि उल्लेखित कार्यहरु गर्दा लाग्ने रकमबाट बाँकी रहेको रकम छात्र-छात्राबास भवन गुरुयोजना बमोजिम निर्माण गर्ने ।</td></tr>
<tr><td>३.१०</td><td>योजना महाशाखा/प्राविधिक शाखा</td><td>पाल्चोक-भट्वाल सडकमा आ.व. ०७९/८० को सडक बोर्डको स्वीकृत कार्यक्रममा स्थानीय बासीको माग अनुरुपको ऋस-नाली लागत अनुमानमा नपरेको हुनाले प्राविधिक लागत अनुमान बमोजिमको कार्य आगाडी बढाउने ।</td></tr>
<tr><td>३.११</td><td>योजना महाशाखा/प्राविधिक शाखा</td><td>२०८० माघ २४ मा कार्यसूची स्वीकृत भई डि.एच.पी. मल्टी सप्लायर्स प्रा.लि.ले परामर्शदाता श्री एडभान्स रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि.को सहयोगमा तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (वातावरण संरक्षण नियमावली २०७७ (संसोधित) को अनुसूची २ ट को (२) बमोजिम "साधारण निर्माणमुखी ढुङ्गा, बालुवा, ग्राभेल, औधोगिक माटो र साधारण माटोको उत्खनन्को लागि दैनिक ५० देखि ५०० घ.मि.सम्मको उत्खनन्को कार्य गर्ने" भनी उल्लेख भएकोले उक्त प्रतिवेदनलाई थाहा नगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक परिक्षण कार्यविधि २०७८ को दफा ७ को उपदफा ४ बमोजिम स्वीकृत गर्ने ।</td></tr>
</table>

(हिरेन्द्र कुमार रयमाझी)
प्रवक्ता